# सिस्ने गाँउपालिकाको विनियोजन ऐन, २०७६

## सिस्ने गाँउपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :-२०७६।०३।३१

प्रस्तावना : सिस्ने गाँउ पालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोन गर्ने वान्छनिय भएकोले,

नेपालको संबिधान को धारा २२९ को उप (२) बमोजिम सिस्ने गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :- यस ऐनको नाम सिस्ने गाँउपालिकाको विनियोजन ऐन, २०७६ रहेको छ । यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
२. आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च, र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४०,८४,६२,२००।- (अक्षररुपी चालिस करोड चौरासी लाख बैसठ्ठी हजार दुई सय रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।
३. बिनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७६/०७७ को निमित्त सिस्ने गाउँपालिकाका वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा ( १) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका , वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिने आएमा कार्यपालिकाले बचत हुने शिर्षकको रकम जम्मा रकमको १०% प्रतिशत मान नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूँजीगत खर्च र वित्तीय व्यवस्थापनको बिनियोजन रकम भुक्तानी खर्च र व्याज

भुक्तानी खर्च शिर्षकमा बाह्य अन्य चालु खर्च शिर्षकतर्फ सार्न र बितिय व्यवस्थापन अन्तरगत सावाँ भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शिषकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र बित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १०% प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची – १

(दफा २ सग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ७६५९०.२ | ३४४०० | ० | ११०९९०.२ |
| २ | | वडा समिति तथा कार्यक्रम/योजनातर्फ | २४४१०.६७ | १०७५९७.३३ | ० | १३२००८ |
| ३ | | विषयगत शाखा | १६५४६४ | ० | ० | १६५४६४ |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | २६६४६४.८७ | १४१९९७.३३ | | ४०८४६२.२ |